म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४६ आइतबार ८ साउन २०७९ ने. सं. ११४२ दिल्लागा 24 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

*मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका*

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**विज्ञापन आचारसंहिताको पालना गरौं**

- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिष्पर्धी बनउन विज्ञापन आचारसंहिता जारी भएको छ ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं ।

*विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# कर्मचारीको जुँगाको लडाईले किसानलाई बाँड्न ल्याएको घाँसका बिरुवा अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ मकवानपुरगढी गाउँपालिका कार्यालयको लापरबाहीका कारण किसानलाई बाँड्न ल्याइएको घाँसको विरुवा अलपत्र परेको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तमा हतारहतार खरिद गरेर ल्याइएको घाँसको विरुवा गाउँपालिका नकिजै सुकेर बसेको छ ।

विरुवा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरले गाउँपालिकालाई दिएको हो । केन्द्रले चितवनबाट जिल्लाका १० स्थानीय तहलाई बाड्ने प्रयोजनका लागि ३ लाख रुपैयाँमा खरिद गरेर विरुवा ल्याएको थियो । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिकाका प्रतिनिधिहरुलाई केन्द्रमै बोलाएर विरुवा पठाएपनि बाँकी गाउँपालिकामा केन्द्रले नै विरुवा लगेको थियो ।

केन्द्रले विरुवा लगेपनि गाउँपालिकासँग भरपर्दो समन्वय नहुँदा किसानहरुले घाँसको विरुवा भने लगाउन नपाएका हुन् ।

राज्यको लगानी बालुवामा पानी हाले जस्तै भएको छ । गत २७ असारमा मकवानपुरगढी गाउँपालिकाका ८ वटै वडाका किसानका लागि भनेर खरिद गरेर लगिएको घाँसका विरुवा गाउँपालिका कार्यालय नजिकै चौतारामा अलपत्र परेको हो । विरुवा कुहिने अवस्थामा पुगेको छ । तर, विरुवा अलपत्र पार्ने दुवै निकाय भने पन्छिन खोजेका छन् । केन्द्रले गाउँपालिकालाई



विरुवा दिएपछि किसानलाई वितरण गर्ने जिम्मेवारी पूरा नगरेको भन्दै गाउँपालिकालाई दोष दिन खोजेको छ । गाउँपालिकाले भने विरुवा ल्याएर राखेको बारे थाहा नै नभएको भन्दै उम्किन खोजेको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख डाक्टर ब्रज किशोर ठाकुरले भने, 'हामीले घाँसका विरुवाहरु १० पालिकामध्ये राक्सिराङ र कैलाशका प्रतिनिधिहरु बोलाएर पठाएको । बाँकी गाउँपालिकामा गएर पशु सेवा शाखामा बुझाएका हौं । बुझाएको भर्पाइ हामीसँगै छ ।,'

उनले गाउँपालिका अध्यक्ष दोर्जे लामासँग कुरा भए पश्चात पालिकाकै एक कर्मचारीलाई विरुवा जिम्मा लगाएको दाबी गरे । केन्द्रका योजना शाखाका अधिकृत देवराज पराजुलीले गाउँपालिकामा विरुवा पुऱ्याएको ठाकुरको दाबी छ । उनले चितवनबाट ३ लाख रुपैयाँको घाँसको विरुवा ल्याएर १० वटा पालिकामै वितरण गरेको जानकारी दिए ।

मकवानपुरगढीका पशु शाखा प्रमुख सत्यनारायण साहले आफुसँग कुनै समन्वय नभएको बताए । बिरुवा किन ल्याएर फालियो भन्ने बिषयमा आफु अनविज्ञ रहेको उनको दाबी छ । उक्त घासको बिरुवा मकवानपुरगढीका पशु शाखाका कर्मचारीलाई बुझाएर गएको भर्पाइ केन्द्रसँग रहेको दाबी केन्द्रका योजना शाखाका अधिकृत पराजुलीको छ । केन्द्रका प्रमुख ठाकुरका अनुसार गाउँपालिकाको पशु शाखा प्रमुख साहले विरुवा लैजाने क्रममा किसानहरुको घरदैलोमा पुऱ्याउनु पर्ने जवाफ फर्काएका थिए । केन्द्रले वडावडामा पशु प्राविधिकहरु रहेकाले कर्मचारीहरुबाट विरुवा वितरण गर्न लगाउन गाउँपालिकासँग आग्रह गरेको ठाकुर बताउँछन् ।

'हामीले जिल्लाभरका १० वटा पालिका हेर्नुपर्छ । सबै पालिकाको वडावडामा पुगेर बाँडेर बस्न हामीसँग सम्भव छैन् । तर, गाउँपालिकासँग जनशक्ति भएकाले किसानका लागि विरुवा बाँड्न सक्थ्यो । मैले गाउँपालिका अध्यक्षसँग कुरा गरेर वडाका प्राविधिहरुबाट विरुवा बाँड्न आग्रह गर्दै गाउँपालिकालाई एकमुष्ट विरुवा दिएको हो । उहाँहरुको व्यवस्थापकीय कमजोरीका कारण विरुवा अलपत्र परेको हो ।,' ठाकुर ले भने । 'सत्यनारायण साहले घर दैलोमा पुऱ्याउन पर्यो भन्दै हुनुहुन्थ्यो, हामीले वडा कार्यालयमा कर्मचारी छन परिचालन गर्नुपर्यो भनेर भनेका हौं ।,' ठाकुरले थपे । केन्द्रले मकवानपुरगढीकै सानाकिसान सहकारीमा पनि विरुवा पठाएको थियो ।

विज्ञ केन्द्रबाट प्राप्त घाँसका बिरुवा समयमै किसानले नपाउँदा कुहिने अवस्थामा पुगेको हो । मकवानपुरगढीमा व्यवसायिक पशुपन्छी फर्महरु धेरै छन् । २०७४ पश्चात गठित स्थानीय सरकार सञ्चालनपछि मकवानपुरगढीमा गाईभैंसी र बाख्रा फर्महरु धेरै खुलेका हुन् ।

पशुपालक किसानहरु घाँसको अभावले समस्यामा पर्ने गरेका छन् । तर, राज्यको बेतन खाएर सेवा गर्न सपथ खाएका कर्मचारीहरुको जुँगाको लडाईले किसानहरु पिल्सिएका छन् । किसानहरुले दोषि कर्मचारीको पहिचान गरी हदैसम्मको कारबाही गर्नुपर्ने आवाज उठाएका छन् ।

## जग्गा नाप नक्साङ्कन कार्य सुरु




मुग्लिन, ७ साउन (रासस)/ चितवनको एकमात्र गाउँपालिका इच्छाकामनामा पनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जग्गा नाप नक्साङ्कन कार्य सुरु गरिएको छ ।

संघीय सांसद कृष्णभक्त पोखरेल, जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारी र राष्ट्रिय भूमि आयोग चितवनका अध्यक्ष बद्री तिमिल्सिनाको उपस्थितिमा वडा नं ७ भालुमाराबाट शुक्रबार देखि जग्गा नाप नक्साङ्कन कार्य शुभारम्भ गरिएको हो ।

भूमिसम्बन्धी सेवा केन्द्र इच्छाकामनाका संयोजक हरि देवकोटाका अनुसार सो गाउँपालिकामा तीन हजार ५३९ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिएका छन् । त्यसमध्ये ८३ जना भूमिहीन दलित, ७७१ भूमिहीन सुकुम्बासी र दुई हजार ६८५ अव्यवस्थित बसोबासी रहेको उनले बताए ।

इच्छाकामनामा वडा नं ७ मा सबैभन्दा बढी एक हजार ६२७ ले निवेदन दिएका छन् । गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा आगामी तीन महिनाभित्र नाप नक्साङ्कन कार्य सम्पन्न गरिने बताए । छ महिनादेखि वर्ष दिनभित्र सबै प्रक्रिया पूरा गरी लालपुर्जासमेत वितरण गरिने अध्यक्ष गुरुङले बताए ।

# हुप्रचौरबाट 'सफा हेटौंडा अभियान'को सुरुवात



साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ हरित नगरीका रुपमा परिचित हेटौंडालाई सुन्दर तथा सफा बनाउन उपमहानगरको 'सफा हेटौंडा अभियान' शनिवारदेखि सुरुवात भएको छ ।

हेटौंडाकी मेयर मिनाकुमारी लामाले शनिवार बिहान एक कार्यक्रमबीच अभियानको हुप्रचौरमा सरसफाई गर्दै सुरुवात गरेकी छन् । लामाले जनस्तरबाटै हेटौंडालाई सुन्दर र सफा बनाउने लक्ष्य अनुसार अभियान अघि बढाएकी हुन् ।

सरसफाइमा जनसहभागिता वृद्धि गर्ने र जनतालाई नै अपनत्व गराउने उद्देश्य अनुरुप मेयर लामाले केही दिनअघि 'सफा हेटौंडा अभियान' को घोषणा गरेकी थिइन् । शनिवार सरसफाईमा वडा नम्बर ५ का वडा अध्यक्ष सुशिल घिमिरे, उपमहानगरपालिकाका कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधि, वडा नम्बर ४ का वडा सदस्य, स्थानीयवासी, हेटौंडाका सचेत युवाहरुको समूह, खेलाडीहरुले सहयोग गरेका थिए ।

मेयर लामाले अभियानमा सहभागि हुन नगरवासीलाई आग्रह गरेकी छन् । उनले पर्यावरण जोगाउन र प्रदूषणको न्यूनीकरणका लागि आवश्यक योजनाहरु कार्यान्वयन गरिने बताएकी छन् । अभियानअन्तर्गत् हरेक हप्ताको शनिवार नगरका विभिन्न वडाहरुमा सरसफाई अभियानलाई संचालन हुनेछ । जसअनुसार शनिवार ३ नम्बर वडामा युवाहरुले वडा कार्यालय परिसरको सररसफाई गरेका थिए । अभियानलाई टोल विकास समन्वय समितिसँगको सहकार्यमा अघि बढाउने योजना उपमहानगरको छ । सफाई अभियानमा हप्ताको २ घण्टा श्रमदान जुटाउने निर्णय गरिएको छ ।

उपमहानगरपालिकाले नगरलाई सफा राख्न विगतका वर्षदेखि नै समुदाय निजी साझेदारीको अवधारणामा फोहोर व्यवस्थापनको काम गरिरहेको छ । हेटौंडा यसअघि संघीय सरकारबाट सफा सहरका रुपमा पुरस्कृत भइसकेको छ ।

उपमाहनगरपालिकाको नेतृत्वमा समुदाय निजी साझेदारी अनुसार वैज्ञानिक प्रविधिबाट फोहोर व्यवस्थापनमा काम सुरु गरेपछि हेटौंडाले सरसफाइको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हात पार्न सफल भएको जनाइन्छ ।

फोहोर व्यवस्थापनमा हेटौंडा उपमहानगरपालिकाले ठूलो खर्च व्यहोर्नु परेको छैन् । अन्यत्र जस्तो हेटौंडामा फोहोर व्यवस्थापनमा वार्षिक रुपमा बजेट विनियोजन हुने गरेको छैन । फोहोर व्यवस्थापनका लागि स्थानीय तह, समुदाय र नीजि क्षेत्रको साझेदारीमा काम गरिँदै आएको छ ।

उपमहानगरपालिकाले यसअघि फोहोरको स्रोत विभाजन गरेर जैविक र अजैविक गरी दुई छुट्टाछुट्टै स्थानमा संकलन गरी व्यवस्थापन गरेको थियो । तर, कोरोना संक्रमणपछि फोहोरको स्रोत विभाजन रोकिएको छ । फोहोरको वर्गिकरण रोकिएपछि एकमुष्ट रुपमा फोहोर संकलन भने भइरहेको छ ।

उपमहानगरपालिकाले पुन: स्रोतमा नै फोहोर वर्गीकरण गर्ने तयारी गरिरहेको विपद् प्रतिकार्य, फोहोर मैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख शान्ति विकले बताएकी छन् । वर्गीकरण गरिएको जैविक फोहोरबाट कम्पोष्ट मल बनाइने गरिएको छ ।

उपमहानगरपालिकाले फोहोर व्यवस्थापनमा बजेट नछुट्याए पनि स्थानीयबाट मासिक न्यूनतम शुल्क उठाएर गरिरहेको छ । नकुहिने फोहर ग्रीन एण्ड क्लिन सिटी सर्भिसेज प्रालिले घरघरमा नै पुगेर संकलन गर्छ । कुहिने फोहोरबाट स्थानीयले जैविक मल तयार गर्ने गरेका छन् ।

फोहर व्यवस्थापनका लागि हेटौंडा-१० स्थित राप्ती खोलाको कटान क्षेत्रमा ल्याण्डफिल साइट निर्माण गरिएको छ । उपमहानगरपालिका क्षेत्रबाट निस्किएका जैविक फोहोरलाई ग्रिन एण्ड क्लिन सिटी सर्भिसेज प्रालिले हेटौंडा-१० मा रहेको कम्पोस्ट प्लान्टमा लगेर मल बनाउने गरेको छ । उक्त मल बिक्रि गरेर कम्पनीले आर्थिक आम्दानीसमेत गरिरहेको छ । फोहर व्यवस्थापनका लागि उपमहानगरपालिकाले ७० जना र कम्पनीले ४० जना कर्मचारी परिचालन गरेर काम गरिरहेको छ ।

# हेटौंडा महाधिवेशनबाट युनियनले नयाँ नेतृत्व पाउँदै




साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ हेटौंडामा जारी नेपाल प्रेस युनियनको नवौं महाधिवेशनले नयाँ नेतृत्व पाउने भएको छ । शनिवार साँझ मतदान सकिएसँगै युनियनले नयाँ नेतृत्व पाउने निश्चित भएको हो ।

मतगणना जारी रहेकाले सम्भवत: आज आइतबारसम्म युनियनले नयाँ नेतृत्व पाउने निश्चित छ । युनियनको अध्यक्षमा दुई उम्मेदवार प्यानलबाट निर्वाचनमा होमिएका थिए भने एक जना अध्यक्षका मात्रै उम्मेवार बनेका छन् ।

करिब ८ वर्षपछि हुन लागेको प्रेस युनियनको महाधिवेशमा संस्थापन पक्षबाट अनिता बिन्दु र संस्थापन इतर समूहबाट शिव लम्सालको प्यालन चुनावी प्रतिस्पर्धामा थियो । अध्यक्ष पदमा भुवन भट्टले पनि उम्मेदवारी दिएका थिए । एक जना वरिष्ठ उपाध्यक्षका लागि दुई जना संस्थापनबाट सरोज अधिकारी र इतर समूहबाट प्रेम केसीको उम्मेदवारी परेको छ । निर्वाचन समितिका अनुसार १ सय २१ पदका लागि २ सय ७ जनाले मनोनयन दर्ता गराएका थिए । उपाध्यक्षसहित विभिन्न पदमा ३२ जना निर्विरोध भइसकेको समितिले जनाएको छ ।

निर्विरोध भएकाबाहेक ८५ जना निर्वाचनबाट चुनिने छन् । आगामी ३ वर्षीय कार्यकालका लागि अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, खुला उपाध्यक्ष २, महिला १, समावेशी १, सात प्रदेशबाट प्रतिनिधित्व गर्ने ७ र उपत्यकाबाट १ गरी ८ उपाध्यक्ष, महासचिव १, खुल्ला ३, महिला २, समावेशी १ गरी ६ उपमहासचिव नयाँ पाउँदै छ । खुला ३, महिला २, जनजाति १, मधेसी १, दलित १, खसआर्य १, थारु १, पिछडिएको क्षेत्र १ गरी ११ सचिव र १ कोषाध्यक्ष निर्वाचित हुँदैछन् । उपाध्यक्ष खुलामा संस्थापन इतरबाट राममणि दाहाल, नकुल अर्याल चुनावी मैदानमा छन् । उपाध्यक्ष खुलामै संस्थापनबाट भिष्मराज ओझा र शेखर रेग्मीले उम्मेदवारी दिए ।

उपाध्यक्ष समावेसी पदमा भने संखुवासभाका दिपेन्द्र वान्तवा निर्विरोध निर्वाचित भइसकेका छन् । यसैगरी ११ जना उपाध्यक्षका लागि दुइ प्यानलबाट उम्मेदवारी परेको छ । महासचिव पदमा जगन्नाथ दुलाल र दिलिप पौडेलकाबीचमा प्रतिस्पर्धा हुँदैछ । मकवानपुरबाट ३ जनाको उम्मेदवारी थियो । खुला उपाध्यक्षमा संस्थापन इतरबाट दाहाल र भूगोलतर्फ बागमतीबाट उपाध्यक्षमा गिरिजा अधिकारी मैदानमा थिए । त्यस्तै, केन्द्रीय सदस्यमा राजन दाहाल खुशराज छन् ।

# हेटौंडा क्याम्पसको अध्यक्षमा पराजुली



साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ जिल्लाको पुरानो सामुदायिक क्याम्पस हेटौंडा क्याम्पसको अध्यक्षमा आनन्दराज पराजुली चयन भएका छन् ।

हेटौंडा क्याम्पसको शनिवार भएको संचालक समितिको १४ औं क्याम्पस सभाबाट पराजुलीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो । कांग्रेस मकवानपुरको प्रभावशाली नेता पराजुली यसअघि उपाध्यक्ष थिए ।

क्याम्पसको उपाध्यक्षमा श्रीधर पोखरेल, कोषाध्यक्षमा नमुना पाण्डे चयन भए । क्याम्पस संचालक समिति सदस्यहरुमा बद्रिनाथ शर्मा, पुरणबहादुर जोशी, प्रदिप कोइराला, कबिर पन्त चयन भएका छन् । अध्यक्षमा निर्वाचित भएपछि प्रतिक्रिया दिँदै पराजुलीले क्याम्पस विशुद्ध सामाजिक सेवाभावले चल्ने संस्था रहेको बताए । क्याम्पसलाई सबैको साझा सम्पतिका रुपमा अघि बढ्एर लैजाने उनको भनाइ छ ।

क्याम्पसलाई आधुनिक प्रविधिमा जोड्दै शिक्षालाई प्रविधिमैत्री बनाइने पराजुलीको उद्देश्य छ । क्याम्पसबाट शिक्षण अनुसन्धान र अन्य क्रियाकलापहरुको गुणस्तर प्रदान गर्दै अगाडि बढ्ने उनले बताए । क्याम्पस संचालक समिति अध्यक्ष मुनु सिग्देलको अध्यक्षतामा क्याम्पस सभा भएको थियो ।

**कर्मचारी आवश्यकता** T.V.S **शोरूम**

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**Accountant:** 1
**Store keeper:** 1



**सम्पर्क फोन:**
०५७-५९०४४६, ९८४५४५७०५१
सितल महलचोक-४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बढ्दो सम्बन्धविच्छेदको चिन्ता

नेपाली समाजमा सम्बन्ध बिच्छेद सामान्यजस्तो बन्न लागेको छ । हिजोआज नेपाली समाजमा सम्बन्धविच्छेदका घटना अधिक हुने गरेका समाचार सार्वजनिक भइरहेका छन् । कुनै पनि महिला या पुरुषले बिहेपछि आफूले सोचेको जस्तो जीवन जिउन र स्वतन्त्र हुन पाएनन् भने उनीहरुको बैवाहिक सम्बन्धमा चिसोपन आउँदछ । त्यसैले वैवाहिक जीवनको असफलताको अन्तिम बिन्दु भनेकै सम्बन्ध विच्छेद हुन पुग्दछ । बालविवाह, बहुविवाह, अनमेल/अन्तरजातीय विवाह, प्रेमविवाह, असमझदारी, अपहेलना, गरिबी, सम्पत्ति, रोग, नि:सन्तान, शंकालु भावना तथा वैदेशिक रोजगारीजस्ता विविध कारणले दाम्पत्य सम्बन्धमा चिसोपना ल्याइरहेको छ । जसलाई पति र पत्नी मिलेर समाधान गर्न नसक्दा सम्बन्धविच्छेदजस्तो अप्रिय निर्णयमा उनीहरु पुग्दछन् ।

हाम्रो समाज पुरुषप्रधान समाज हो । यहाँको धार्मिक परम्परा र संस्कारबमोजिम अधिकांश महिलाले दोस्रो दर्जाको नागरिक भएर बाँच्नुपर्ने बाध्यता छ । महिलाहरुले विभिन्न शारीरिक, मानसिक, सामाजिक विभेद खेपिरहेका पनि छन् । यसैको उपजको रुपमा सम्बन्धविच्छेद देखिएको छ । विगतमा सम्बन्धविच्छेदको लागि महिलाको इच्छालाई सर्वोपरि मानिएकोमा २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी संहिता (ऐन)ले सम्बन्धविच्छेद गर्नका लागि पुरुषले पनि अदालतमा निवेदन दिन पाउने व्यवस्था भएको छ । जसको परिणामस्वरुप सम्बन्धविच्छेदको घटना अझ बढ्ने अनुमान गरिएको छ । यस्तो कानूनी व्यवस्था लागूभएसँगै पुरुष पनि सम्बन्धविच्छेदका लागि अदालत धाउन थालेको पाइएको छ । ऐन लागू भएको ११ दिनमै जिल्ला अदालत मकवानपुरमा ११ जनाले सम्बन्धविच्छेदको मुद्दा दर्ता गराएकोमा ७ वटा मुद्दा पुरुषले दर्ता गराएका छन् । उक्त अवधिमा जिल्ला अदालत मकवानपुरमा दर्ता भएका जम्मा ३४ वटा मुद्दमध्ये ११ वटा सम्बन्धविच्छेदका मुद्दा छन् । चालु आर्थिक वर्षको साउनदेखि भदौ ११ गतेसम्ममात्र जिल्ला अदालतमा ५२ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएबाट पछिल्लो समय सम्बन्धविच्छेदको क्रम बढ्दै गएको सहजै पुष्टि हुन्छ । विगत २ वर्षमा जिल्ला अदालत मकवानपुरको फैसलाबाट ६ सय ९६ जोडीको सम्बन्धविच्छेद भएको अदालतको तथ्याङ्क छ । आर्थिक वर्ष २०७३/०७४ मा २ सय ९९ वटा सम्बन्धविच्छेदको मुद्दा दर्ता भएकोमा आर्थिक वर्ष २०७४/०७५ मा ४ सय १३ वटा सम्बन्धविच्छेदको मुद्दा दर्ता हुनुले सम्बन्धविच्छेद बढ्दै गएको प्रष्ट हुन्छ । विगतमा महिलाले मात्र सम्बन्धविच्छेदका मुद्दा दर्ता गर्न पाउने अवस्थामा यसरी वृद्धि भएको सम्बन्धविच्छेदको घटना अब पुरुषले पनि मुद्दा दर्ता गर्न पाउने भएपछि झनै बढेर जाने सम्भावना टड्कारो बनेको छ ।

सम्बन्ध विच्छेदमा महिला र पुरुष दुबैको समान भूमिका हुन्छ । दुई जनाबीचको विश्वासमा संकट सिर्जना भएपछि सम्बन्ध विच्छेदको प्रक्रिया सुरु हुन्छ । संसारको चक्र सही मार्गमा चल्न श्रीमान् श्रीमती 'एक रथका दुई पाङ्ग्रा' हुनैपर्छ । राजिखुसी, हाँसिखुसी रहनुपर्ने जीवनको सम्बन्ध टुट्नु, आपसी वैमनष्य बढेर साथ छुट्नु जीवनको अभिषाप हो । सामान्य कुरामा विभिन्न खाले तर्क गर्दै जानाजान सम्बन्ध बिगारेर आफू अलग हुने निर्णय लिनु पक्कै जायज होइन । दुबैबीच विश्वास र सम्मानको भावनाबाट सम्बन्धलाई बलियो बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ९ गते सोमबार २५ जुलाई २०२२ । श्रावण कृष्णपक्ष एकादशी । दिल्लागा ११४२ । सूर्योदय: ५:२३, सूर्यास्त: ६:५६ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : व्यापार राम्रो चल्नेछ | वृश्चिक | : रिसाउने बानीले काम बिग्रनेछ |
| मिथुन | : मानसिक सन्तोष हुनेछ | धनु | : नोकरीबाट असन्तोष बढ्नेछ |
| कर्कट | : धन प्राप्ति हुनेछ | मकर | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| सिंह | : कठिनाई कम हुनेछ | कुम्भ | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : सन्तानबाट सन्तोष मिल्नेछ |

# बीपी कोइराला र राष्ट्रियता



गोपी मैनाली

बीपी भन्ने गर्थे 'राष्ट्रियता माटो होइन, जनताको सामूहिक भावना' हो । उनी माटो र मुटु, भूगोल र भावनाबीचको एकत्व निर्माण राष्ट्रियता मान्ने गर्दथे । जब मानिसहरू एकै भूगोल वा देशमा रहेर पनि समान पहिचान, आपसिकता र आफूहरूबोधको अपनत्वमा रहँदैनन्, त्यसबेला राष्ट्र निर्माण कठिन हुन्छ वा राष्ट्रियताको भावना विकास हुँदैन । खास समुदाय र भूगोलमा रहेका मानिसहरूको एकत्वको अनुभूतिले स्थापित गर्ने सामूहिक पहिचान 'राष्ट्र' हो, राष्ट्रियता त्यसको विशेषणिक पक्ष हो, जसले साझा मूल्यका रूपमा नेपालीपन संस्थागत गर्दछ ।

आफ्नै पहिचानको राष्ट्र निर्माणको जग बसाल्छ । धेरै पहिचानबीचको साझा पहिचान नै राष्ट्र हो र त्यसो गर्नुपर्छ भन्ने भावना राष्ट्रियता हो । त्यसैले बीपी भूगोलको एकीकरणमात्र होइन, भावनाको एकत्वीकरणमा राष्ट्र देख्ने गर्दछन् । जब राष्ट्र निर्माण वा राष्ट्रियताको बहस हुन्छ, त्यसबेला जनतालाई केन्द्रबिन्दुमा राख्नुपर्ने आग्रह बीपीको छ ।

राष्ट्रियताको सन्दर्भमा प्रथम र अन्तिम तत्व जनता हो भन्ने मान्यता राखेका कारणले व्यावहारिक राष्ट्रवाद उनको दृष्टिकोण हो भन्ने देखिन्छ । छरिएर रहेका जनताको मनोभावनालाई समेट्ने कामले राष्ट्रियता विकास गर्छ, भनौं राष्ट्रियता त्यसको जगमा उभिन्छ । भूगोलभित्र राज्यसंयन्त्रका औपचारिकताले राष्ट्रियता संस्थागत गर्दैन ।

त्यसैले बीपी जनताका आवश्यकता-आकांषाप्रति ग्रहणशील रहने, समस्या पहिचान र संवोधन गर्न व्यापक प्रयास गर्ने र त्यस प्रयासबाट सिर्जना हुने सामुहिक भावना (आपसिकता) लाई राष्ट्रियता भन्ने गर्छन् । अर्को शब्दमा (क) जनता, (ख) जनताका अनुभूत समस्या, (ग) ती समस्या (र आकांषा) पूरा गर्ने सामूहिक भावनासहितको प्रयन्त, र (घ) ती प्रयत्नमा अनुभव गरिने एकताको भावनालाई राष्ट्रियता मान्दछन् । यी चार तत्वको अन्तरक्रियालो नै सवल राष्ट्र निर्माण हुन्छ । भनौं, राष्ट्रियता संस्थागत हुन्छ ।

समकालीन चिन्तन् र अभिव्यक्तिहरूमा राष्ट्र र राष्ट्रियतामा विषयमा अन्तरमनबाट लिने र बुझाईमा फराकिलो दृष्टिकोण राख्ने गरिदैन । त्यसैले राष्ट्रिय विकास भएको छैन । भनिएको राष्ट्रियतामा एकत्व भन्दा विभाजन छ, निर्माणभन्दा विसर्जनमा छ । सबैका भावना र विचार, पहिचान र प्राथमिकता नसमेटिएमा राष्ट्र निर्माण होइन, राष्ट्र विसर्जनको खतरा बढ्छ । राष्ट्रियता सवल बनाउने प्रक्रिया भनेको समन्यायिक विकासको प्रक्रिया हो, समृद्धिको निर्माण र वितरणको प्रत्याभूति हो, सेवा र सुशासनको संस्थानीकरण हो । राष्ट्रियता मजवुत भएको समाजमा देशप्रति नागरिक गर्ववोध गर्छ । त्यसैले नागरिकलाई त्यस देशको नागरिक हुनुमा गर्ववोध गराउने प्रणाली भएमा मात्र राष्ट्र जनताको मन मुटुमा पुग्छ ।

बीपी लोकतन्त्र र राष्ट्रियतालाई अभिभाज्य मान्दछन् । अर्को शब्दमा लोकतन्त्र भन्नु राष्ट्र निर्माणको विधि हो । लोकतन्त्रका संस्थाहरू चलायमान हुँदा जनताका भावना चलायमान हुने गर्दछन्, अनि न नागरिक मुलुकबासी हुनुको गर्व गर्छ । बीपीले बारम्बार भन्ने गरेका थिए, राष्ट्रिय एकता प्रजातन्त्रको जगमा मात्र खडा हुनसक्छ, र प्रजातन्त्रको जग देशको उत्तरोत्तर आर्थिक विकास र न्यायपूर्ण अवस्थामा मात्र बलियो हुन्छ ।

उनले संघर्ष गरेको निर्देशित पञ्चायती व्यवस्थामा राष्ट्रियताको प्रतीक व्यक्ति हुन्थ्यो, जनता देशका अंशियार होइन, रैती थिए, न सहभागिताको प्रक्रिया थियो न वैयक्तिक स्वतन्त्रताको कुनै गुञ्जायस नै । त्यसैले उनले नेतृत्व गरेको राजनीतिक विचारधारा राष्ट्रियता, प्रजातन्त्र, विकास र उन्नति अन्वन्याश्रित छन् भन्ने दृष्टिकोण राख्दथ्यो । भन्ने गरिएको प्रजातान्त्रिक समाजवाद त्यही दृष्टिकोण थियो । राष्ट्रियताको कुरा गर्दा प्रजातन्त्रप्रति मौन रहने हो भने अधिनयकत्व आउँछ र प्रजातन्त्रको कुरा गर्दा राष्ट्र रक्षाको कुरालाई उपेक्षा गऱ्यो भने विदेशी तत्वको हतियार बनिन्छ भन्ने व्यावहारिक तर्क राख्थे । आजको राजनैतिक समाजका लागि उनको यो विश्लेषण निकै व्यावहारिक देखिन सक्छ । राष्ट्रियता भनेको सबै राष्ट्रवासी हो । सबै जनताको पहिचान र मूल्यबोध, प्राथमिकता, विकास, विविध संस्कार र संस्कृति, अधिकार, कर्तव्य, चेतनाको एकट्ठा हो, यी बिरुद्धको सावधानी र चुनौतीबोध हो । समाजमा तहसोपान, पहिचानको अस्वीकार्यता, आस्थाको विभाजन, बञ्चिती र अभाव आवश्यकताको छट्पटीले राष्ट्रियता कमजोर बनाउँछ, अझ भनौं राष्ट्र निर्माण हुन दिदैन । बीपी कोइरालाको राष्ट्रियता र प्रजातन्त्रिक समाजवादको भावनालाई नेपालको संविधानले आफूमा समाविष्ठ गरेको छ । यसको व्यावहारिक परिणति पाउन बाँकी छ । जे होस् यति पछि बनेको संविधान, अर्को



पुस्ताको नेतृत्वमा पनि उनका भावना समेटिन पुग्नु भनेको उनी कति कालजयी र दृष्टिवोधी रहेछन् भन्ने स्पष्ट हुन्छ ।

बीपीको राष्ट्रवादी चिन्तन उनी आफै असजिलो अवस्थामा पर्दा समेत गाढा देखिन्थ्यो । तत्कालीन शासकको व्यवहारबाट लामो समय भारत प्रवासबाट नेपाल फर्किन लाग्दा (डिसेम्वर ३०, १९७६) देशवासीलाई गर्नु भएको अपिलमा मुलुक राष्ट्रिय संकटमा परेको, राष्ट्रिय पहिचान नै खतरामा रहेको र बाह्य शक्तिले नेपालको राष्ट्रिय हितविरुद्ध चलखेलको संभावना बढेकाले राजा, जनता र राजनीतिकर्मी सवैले राष्ट्रलाई मनमा राख्न आह्वान गरेका थिए ।

राजनैतिक दलहरू प्रतिबन्धित भएको अवस्थामा, प्रवासमा रहेको अवस्थामा पनि राष्टलाई केन्द्रविन्दुमा राख्ने आह्वानले राष्ट्रिय चिन्तनको उच्च द्योतन गर्छ । भारतीय स्वतन्त्रता सङ्ग्राम र बङ्लादेशको मुक्तिका लागि आफै संघर्ष गरेका बीपीले मुलुकमा लोकतन्त्र स्थापनाका लागि भने शान्तिपूर्ण रणनीति उपयुक्त मानेका थिए । नेपालको भूराजनीतिक अवस्था र ऐतिहासिक पृष्ठभूमिले पनि त्यसो गर्ने प्रेरित गरेको उल्लेख गरेको छन् । राष्ट्रिय एकताका लागि नेपाली जनता भावानात्मक रूपमा नै आन्दोलित हुनुपर्ने निस्कर्ष उनको थियो । यसले माटो, मुटु र लोकतन्त्र वा भावना, भूगोल र विकासलाई एकीकरण गर्ने विषयबोध गराउँथ्यो । तत्कालीन अवस्थामा उनको विरोध गर्नेहरू पनि भन्ने गरेका छन् 'बीपीको चिन्तनलाई अगाडि बढाए देश बन्छ' ।

विदेशी सम्बन्ध राष्ट्रियता प्रवर्द्धनको बाह्य आयाम हो । बीपीले प्रधानमन्त्री भएको समय (२८ मे, १९५९) दिएको वक्तव्यले नेपाल शक्ति राष्ट्रसंग असंलग्न हुनुपर्ने र बाह्य मुलुकसँग व्यवहार गर्दा राष्ट्रिय हित केन्द्रमा रहनुपर्ने कुरामा जोड दिएका थिए । शक्ति र सीमा विस्तारमा रहेका छिमेकी मुलुकहरूसंग उनको सुझवुझपूर्ण व्यवहारले सन्तुलित कुटनीतिबाट नै साना र विपन्न मुलुक विश्वमञ्चमा प्रभावकारी बन्न सक्दछन् भन्ने सन्देश दिन्छ । शीतसंघर्षमा दुई ध्रुवीय बनेको विश्वलाई पनि उनले सिद्धान्तले सन्तुलित व्यवहार गरेका थिए ।


वर्तमान समयमा बहुराष्ट्रिय संस्था, कर्पोरेट गुरिल्ला र उदीयमान बाघ अर्थतन्त्रहरू आर्थिक विस्तारवादमा सञ्जाल विस्तार गरिरहेका छन् । उनको बाह्य सम्बन्धको चिन्तन अहिले पनि झनै सान्दर्भिक छ ।

अन्तरिक नीति व्यवहारमार्फत राष्ट्रिय एकता कायम गर्न बीपीसँग स्पष्ट दृष्टिकोण थियो, जसले आर्थिक उत्पादन र स्रोत संगठनमाथि सम्भ्रान्तहरूको पकड भत्काउने, निजी क्षेत्रको उत्पादनशील क्षमताको व्यवस्थित उपयोग गर्ने र वितरण न्याय सहितको आर्थिक कार्यक्रम संस्थानीकरण गर्न जोड दिन्थ्यो ।

उनीपछि सरकार नेतृत्व गर्ने राजा, प्रधानमन्त्रीले यसलाई अनुकरण गरेर जनभावना बटुल्ने प्रयास त गरे तर त्यसको अन्तर्यमा पुग्न नसकाले ती देखावटीमात्र बने । परिणाम मुलुक अहिलेको अवस्थामा छ ।

*-साभार: इकागज*

# दुस्शासनहरूको सभा नबनोस् संसद्



युवराज घिमिरे

नेपालको राजनीतिबारेको छलफल र लेखहरू या त्यसबारेका गहन अभिव्यक्तिहरूले आमनागरिकलाई अपेक्षित रूपमा 'इङ्गेज' गर्दैनन् । वैकल्पिक राजनीतिका संगठित तथा नीति, कार्यक्रम र प्रतिबद्धतामा आधारित स्वरूप देखा पर्न सकेका छैनन् । विकल्पको कुरा उठाउनेहरू जनताबीच गएर उनीहरूलाई संगठित गर्नुभन्दा वर्तमान संस्थापन र व्यवस्थाको परिचालित र भ्रष्ट छविलाई उजागर गरिरहेका छन् ।

विविध क्षेत्रमा 'सफल' व्यक्तिहरूमा हामी यो महँगो, भ्रष्ट र किनबेचबाट प्रभावित हुने निर्वाचन पद्धतिमा पसेर पनि चुनाव जित्न सक्छौँ भन्ने भावना देखा पर्न थालेको छ । बढीभन्दा बढी र राष्ट्रव्यापी रूपमा चिनिएका 'स्वतन्त्र'हरू यस पल्टको चुनाव मैदानमा उत्रनेछन् । बालेन, हर्क र गोपी हमालको स्थानीय निर्वाचनको विजयले उनीहरूलाई केही हदसम्म हौस्याएको पनि छ । तैपनि, राम्रा स्वतन्त्रहरूले एक ठाउँमा जित्दा एउटा भ्रष्ट र परिचालित पराजित हुन्छ तर बाह्य दबाब, संलग्नता र एजेन्डाका साथ भित्रिएको यो व्यवस्थालाई त्यसले कसरी विस्थापित गर्ला ?

दुई वटा मात्र उदाहरण लिऊँ अहिलेका लागि । कानुनमन्त्री गोविन्द बन्दीले संक्रमणकालीन न्यायका नाममा केही महिनायताको सक्रियतापछि कानुन संशोधनको प्रस्ताव पारित गर्न ल्याएका छन् । त्यसलाई संसद्मा 'फास्ट ट्र्याक' मा हालिएको छ । लामो समयदेखि बन्दी मानव अधिकारवादी समूहमा खास गरी पश्चिमा लबिसँग जोडिएका एक अनुहार हुन् ।

द्वन्द्वको एउटा पक्ष अर्थात् नेपाली सेनाका केही व्यक्तिलाई बाहिर (अन्तर्राष्ट्रिय जगत्) गिरफ्तार गरी कारबाही गर्न दबाब दिनमा यो समूह सक्रिय थियो । नेपालको राजनीति अहिले पनि शान्ति प्रक्रिया, संक्रमणकालीन न्यायसँग जोडिएको छ । एकपक्षीय रूपमै ल्याइएको बृहत् शान्ति-सम्झौताले प्रतिबद्धता जनाएको संक्रमणकालीन न्याय, विद्रोहीले कब्जा गरेको नागरिक सम्पत्ति फिर्ता तथा राज्य र विद्रोही पक्षबाट भएका जघन्य मानवअधिकार उल्लंघन अपराधका दोषीहरूलाई दण्ड र पीडितहरूलाई न्याय तथा भरण-पोषण प्राप्त नभएसम्म शान्ति प्रक्रिया पूरा भएको मानिने छैन । त्यति मात्र हैन, शान्ति प्रक्रियासँग जोडिएको जुम्ल्याहा राजनीतिक परिवर्तनको वैधानिकता र स्थायित्व धर्मराउनेछन् ।

राजनीतिक परिवर्तनलाई एकपक्षीय रूपमा शान्ति प्रक्रियासम्म पुऱ्याउन निर्णायक भूमिका खेलेको भारत अहिले विविध कारणले मौन छ तर उसले आफ्नो काँधमा बोकेर नेपालको राजनीतिमा भित्र्याएको अमेरिका, युरोप र स्क्यान्डिनेभियाली मुलुक अहिले सक्रिय हुन पुगेका छन् । जनताको अधिकार र न्यायभन्दा बढी केही नेताको स्वार्थका लागि चुनाव पूर्व उठाइने 'नागरिकता' फेरि हचुवाका भरमा उठाइएको छ कुनै गहन अध्ययन र व्यापक सहमतिबिना । पश्चिमा शक्ति र 'भारत' लाई खुसी पार्ने यी दुई विषय अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका नाममा भइरहेका छन् । बन्दीले भन्ने गरेजस्तो ओलीद्वारा विघटित संसद् पुन:स्थापना र एमसीसी अनुमोदनमा भूमिका खेलेकाले उनले पात्रता कमाएका हुन् र त्यही योग्यताका कारण उनी नागरिकता र संक्रमणकालीन मामिला हल गर्न सक्षम हुनेछन् भन्ने तर्क स्विकार्न सकिन्न । तर, आफ्ना केही उपयोगी 'विकासे' हरूलाई आर्थिक भ्रष्टाचारदेखि विभिन्न अनियमिततामा संलग्न भए पनि पश्चिमा दाताहरूले संरक्षण र वृत्ति विकासमा सहयोग गरेर 'लबिस्ट' तयार गरेका छन् नेपालमा, जसले परिआउँदा उनीहरूलाई परिचालन गर्छन् । स्वतन्त्रहरूले बाह्य शक्तिको यो शैली र हैकमलाई के जनताबीच लगेर चुनौती दिन सक्लान् ?

उनीहरूबीच राष्ट्रिय स्वार्थ, हित र मुलुकको सार्वभौम हैसियतबारे समान धारणा र सहकार्य हुन नसके त्यसले भावी राजनीतिमा खासै केही प्रभावकारी अर्थ राख्ने छैन । बन्दी वास्तवमा हिजो लोकतन्त्रका नाममा परिचालित कृष्णप्रसाद सिटौलासँग मिल्दोजुल्दो अनुहार हुन्, जो सर्वोच्च अदालतको आदेशविपरीत जघन्य अपराधमा माफी दिँदै 'संक्रमणकालीन न्याय'को एउटा नयाँ 'मोडल'स्थापना गर्न उद्यत छन्, जसरी हिजो गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सिटौलाले पाएका थिए । संविधानसभाको पहिलो बैठकमा अनैतिक र असंवैधानिक तरिकाले प्रवेश गरी राजसंस्था उन्मुलनको प्रस्ताव सिटौलाले पेस गरेका थिए भने अर्का गैर सांसदले संसद्मा नागरिकता विधेयक परचालित हैसियतमा अगाडि बढाएका छन् अहिले ।

सिटौलाको समयमा नागरिकता वितरण र नेपाली नागरिकहरूले नागरिकता पाउने सुनिश्चितता भएको हैन ? त्यो पद्धतिले काम गरेन भने आज त्यसको समीक्षा हुनुपर्ने हैन ? कुनै पनि सत्ताले किन त्यो विषयमा राष्ट्रिय सहमति निर्माणको कोसिस नगरी एक-एक जना 'ठेकेदार'लाई जिम्मा दियो त्यति महत्वपूर्ण राष्ट्रिय दायित्व ? नेपालको समस्या नेपालीहरूबीच बहस नहुनु र त्यसको स्वामित्व नेपाली पात्रमा नहुनु नै आज राष्ट्रियता क्षयीकरणको प्रस्ट उदाहरण हो । संविधान जारी गर्दा अस्विकार्य भएको यो विषय आज प्रचण्ड र माधव नेपाल अनि शेरबहादुर देउवालाई कसरी स्विकार्य भयो ? यसैबीच, अहिले संसद्को 'रोस्ट्रम अपहरण'काण्ड चर्चामा छ । समस्या र विवादका प्रस्थान विन्दु या 'जेनेसिस' मा नजाँदा त्यसको दीर्घकालीन समाधान आउँदैन । नेताहरू जनताप्रति जवाफदेही नहुँदा केसम्म हुन सक्छ, श्रीलंकाले उदाहरण प्रस्तुत गरेको छ । स्टेट पार्टनरसिप प्रोग्राम अघि बढ्ने छैन भनी जुन २१ मा क्याबिनेटको निर्णयअनुरूप अहिलेसम्म अमेरिकी सरकारलाई परराष्ट्र मन्त्रालयले पत्राचार नगर्नुले सरकारको बदनियत प्रस्ट हुन्छ नै !

एउटा सचेत सांसदले परचालित सरकारलाई जिम्मेवार बनाउन संसद्मा प्रयास गर्ने विधिसम्मत अवसर नपाउनु आफैँमा विडम्बना हैन र ? एसपीपी होस् या एमसीसी त्यसका प्रावधानबारे दलबीच छलफल नहुनु या साझा धारणा नबन्नु र त्यसका लागि अवसर नदिइनुले नेतृत्व र दलहरूबारे अनेक आशंका उब्जन्छन् । प्रधानमन्त्री र मन्त्रीहरू तथा संसद्ले त्यो भूमिका नखेल्दा सही या गलत आशंका र अवधारणा जन्मन्छन्, मुलुकभित्र र बाहिर । एसपीपीले फेरि एकपल्ट भारत र चीनलाई आ-आफ्नै हिसाबले नेपालमा घुसाएको छ । यो व्यवस्था र संविधान निर्माण प्रक्रिया सुरुदेखि नै अपफत हुँदै आएको हो ।

पुनर्जीवित प्रतिनिधिसभामा विधि र प्रक्रियाका मुख्य अपहरणकारी सभामुख सुवास नेम्वाङ थिए, जसले नांगो रूपमा ०४७ सालको संविधानलाई निलम्बन गरे र त्यसअघि मुलुकलाई 'धर्मनिरपेक्ष'घोषणा गरे कुनै बहस र सहमतिबिना । १२ बुँदे दासत्वको टोपी लगाएका परचालित दलका नेतृत्व र तिनका सांसद तमासे बने । भुइँचालोले थिलथिलो पारेको मुलुकमा 'जनमत' संकलन गरियो, धर्मनिरपेक्षता, गणतन्त्र, संघीयता तथा दलहरूको वैधानिकताका लागि 'थ्रेस होल्ड' निर्धारण गर्न तर केपी ओलीको राजनीतिक अभिषेक र राज्यारोहणको हतारोमा सभामुख नेम्वाङले प्रक्रियाको हत्या गरे । जनअभिमतलाई संविधान निर्माणमा कुनै हैसियत दिइएन, 'फास्ट ट्र्याक'बाट सबै प्रक्रियाको हत्या गरियो ।

त्यही संविधानले जन्माएको व्यवस्थामा भीम रावललाई 'रोस्ट्रम अपहरण'को आरोप चीरहरणमा सामेल दुस्शासनहरूको जत्थाले लगाइरहेको छ । एउटा विकर्ण तत्कालका लागि पराजित बन्छ तर विधि र धर्मको प्रयोग अधर्मीहरूबीच सधैं हुन सक्दैन । शान्ति प्रक्रियालाई टुंग्याउने नाममा संक्रमणकालीन न्याय र प्रक्रियाको चीरहरण भइरहेको छ । एसपीपी या प्रस्तावित संक्रमणकालीन कानुनका प्रावधानभन्दा त्यसलाई भित्र्याउन खोजिएका शैली र नियत आपत्तिजनक छन् । तिनका वास्तविक सञ्चालक को हुन् ? त्यो विषय मुलुकले थाहा पाउनु जरुरी छ । संसद् र जनता छल्न फास्ट ट्र्याकको शरणले लामो समयका लागि वैधानिकता पाउन सक्दैन । चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग प्रमुखको हालै भएको नेपाल भ्रमण र विविध नेताहरूसँगको छलफलमा एसपीपीबारे उनको चासो स्पष्ट थियो । चीनको सुरक्षाको प्रसंग पनि उनले सबैसँग उठाए । तर, नेपाली नेताहरूको विश्वसनीयताबारे उनी कत्ति आश्वस्त भएर गए ? तत्काल भन्न सकिन्न । एमाले नेता केपी ओलीसँग सायद सबभन्दा लामो छलफल भयो उनको । ओली नेतृत्वमा र नेपाल चीन सम्बन्धका केही नयाँ र महत्वपूर्ण आधार कोरिएका थिए । भारतसँग बिग्रिएको सम्बन्धको पृष्ठभूमि पनि थियो त्यसबेला । चिनियाँ नेता लिउले एमसीसीबारे खासै प्रश्न उठाएनन् किनकि ओली र एमालेले पनि एमसीसी अनुमोदनमा सहयोग पुऱ्याएका थिए । तर, एसपीपी अघि बढेमा जोड थियो यतिसम्म कि यो अघि बढेमा चीनले आफ्नो सुरक्षामा पुनर्विचार गर्ने संकेतसम्म उनले दिए ।

तुलनात्मक रूपमा र केही अपवादबाहेक ओलीले नेपाली नेताहरूमध्ये स्पष्टवादी र राष्ट्रवादी भएको प्रमाण पेस गरेका छन्, कहिलेकाहीँ आपत्तिजनक अतिशयोक्तिका साथ । तर, इतिहास र तथ्यप्रति विदेशीसँग नियतवश इमान्दार रूपमा प्रस्तुत नहुँदा उनीहरूको त्यो 'चतुऱ्याइँ' नांगिन्छ । करिब ४५ मिनेट 'लिउ' सँग एक्लाएक्लै र पछि पत्नी राधिका शाक्यको आतिथ्य भोजमा भएको दुई पक्षको समूहगत छलफलका पूर्ण विवरण सायदै बाहिर आउलान् तर सबै कुरा सधैं लुक्दैनन् ।

नेपाल-चीनसँगको सम्बन्ध निर्माण र विस्तारमा ओलीले बिपी कोइराला र कीर्तिनिधि विष्टको नाम उल्लेख गरे । राजा महेन्द्र र वीरेन्द्र मात्र हैन राजा ज्ञानेन्द्रको नाम उल्लेख नगर्ने धृष्टता पनि गरे । के बिपी र विष्ट (खासगरी उत्तरी चेकपोष्टबाट भारतीय सेना हटाउने निर्णय)ले चीनसँगको सम्बन्ध विस्तारमा राजा महेन्द्रसँगको परामर्श र स्वीकृतिबिना अघि बढाएका हुन् ? के चिनियाँ नेताले यति कुरा नबुझेका होलान् ? लिउको सुन्दरीजल संग्रहालय भ्रमण र राजा महेन्द्रले बिपीलाई किन थुनेका होलान् ? भन्ने प्रश्न अहिले नेपाली कांग्रेससँग सम्बन्ध बनाउनका लागि आफ्नो चासोको सान्दर्भिकता स्थापित गर्नका लागि थियो । तर, राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्रता र छिमेकी तथा अन्तर्राष्ट्रिय जगत्सँग सम्बन्ध विस्तारबारे ००७ सालयताका निर्णयलाई तत्कालको फाइदाका हिसाबले व्याख्या गर्नु त्यो पनि सम्पूर्ण पृष्ठभूमि बुझेका विदेशी कूटनीतिज्ञहरूसँग प्रत्युत्पादक सावित हुनेछ । सुरक्षा र इतिहासलाई खण्डित र आंशिक रूपमा बुझ्न र प्रस्तुत गर्ने नेताहरूले भावी इतिहासमा आफैँ अपमानित हुनुपर्ने छ । सत्ताका लागि ओलीले राजनीतिक ब्याज खाएको १२ बुँदेमा हस्ताक्षर गरेका त्यतिबेलाका उनका नेता माधव नेपालले भारतमा गएर नेपाली सेनालाई हतियार दिएबापत चीनको निन्दा गरेका थिए ।

अहिले उनकै निकट गोविन्द बन्दी नेपाली सेनालाई एकलौटी रूपमा हतोत्साहित गर्ने अभियानमै छन् । बाह्यशक्तिसँग लम्पसार पर्ने नेताहरूले मुलुकको स्वतन्त्रता अक्षुण्ण राख्ने राणा या शाह राजाहरूको भूमिकालाई कमसेकम त्यो सन्दर्भमा बुझ्न र प्रस्तुत गर्न चुक्नु हुँदैन ।

-बाँकी ३ पेजमा....

# कृषिमा वित्तीय क्षेत्र अनुदार

काठमाडौँ, ७ साउन (रासस)/ कृषि उत्पादनका क्षेत्रमा वित्तीय संस्थाहरू अनुदार देखिएका छन् । आर्थिक वर्ष २०७९/८० का लागि नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको मौद्रिक नीतिमा उक्त विषय उल्लेख छ ।

नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरूलाई लगानीयोग्य रकमको १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्न भनेकामा उनीहरूले १२ दशमलव दुई आठ प्रतिशत लगानी गरेका छन् ।

'एकतिर कृषिको आयात चुलिएको छ । अर्कातिर वित्तीय संस्थाहरू लगानीमा अनुदार देखिएपछि कृषिको परनिर्भरता तत्काल घट्ने देखिँदैन," अर्थशास्त्रका जानकार भवानी खनालले भने ।

गत आर्थिक वर्षको अन्त्यसम्ममा वित्तीय संस्थाले कृषि क्षेत्रमा चार खर्ब ९० अर्ब १५ करोड लगानी गरेका थिए । उक्त रकम लगानी गर्नु भनेको रकममा झन्डै तीन प्रतिशतले कमी हो ।

सोही अवधिमा सहुलियतपूर्ण कृषि कर्जा लिने कृषकको गत जेठ मसासान्तसम्मको संख्या ६० हजार ६१८ रहेको छ । उनीहरूले एक खर्ब ३९६ अर्ब ८४ करोड सहुलियत कर्जा लिएका छन् । आर्थिक वर्ष २०७९/८० का लागि प्रस्तुत




बजेटमा कृषिको रुपान्तरणमार्फत आगामी पाँच वर्षमा कृषिको व्यापार सन्तुलित राख्ने उल्लेख छ । बजेटको बुँदा नं १८ मा आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूलको आयातमा ३० प्रतिशतले कमी ल्याए भने पनि वित्तीय संस्थाहरू भने कृषि लगानीमा उत्साहित देखिँदैनन् ।

"नेपालमा साना किसानहरूको संख्या ठूलो छ", खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले भने । आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति र बजेट वास्तविक साना किसानका पक्षमा नरहेको बताए । मौद्रिक नीतिले वास्तविक कृषि व्यवसायीलाई २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजना धितो लिन सक्ने व्यवस्था गरेको तर उक्त व्यवस्थाबाट साना किसान भने लाभान्वित हुने देखिँदैनन् ।

नेपालमा साना किसानको संख्या झन्डै ८० लाख रहेको अनुमान छ । यसअघि धितो राख्ने अधिकांस साना किसानसँग परियोजना नै छैन । बैंकबाट धितो लिएर परियोजना सञ्चालन गरेका मध्यम वर्गीय किसान भने सो व्यवस्थाबाट लाभान्वित हुने देखिन्छन् । साना किसानसँग टुक्राटुक्रा खेतीयोग्य जमिन छ । तर समयमा मलखाद, बीउबिजन र सिँचाइको व्यवस्था हुनसकेकै कारण जमिन बाँझो हुँदै गएको छ । सरकारले टुक्रा जमिनलाई चक्लाबन्दी गर्ने योजना ल्याएको भए पनि सो विषय प्रभावकारी हुन सकेन ।

आर्थिक वर्ष २०७९/८० को बजेटले कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमार्फत उत्पादनमा जोड दिएको छ । तर, खेतीयोग्य जमिन क्रमशः बाँझो हुँदै जानु, खेती गर्ने जनसंख्या सहर केन्द्रीकृत हुनु र भएका खेतीयोग्य जमिन टुक्रा टुक्रामा कित्ताकाट भई घडेरीका रूपमा बिक्री हुनाले तत्काल कृषिको परनिर्भरता घट्ने छाँट देखिँदैन ।

मौद्रिक नीतिले बजेटमा उल्लेख भएको कृषि कर्जालाई लघुवित्त कोषको स्थापनामार्फत प्रभावकारी बनाउने उल्लेख छ ।

कोषमा पाँच खर्ब लगानी गर्न नागरिक, कर्मचारी र सामाजिक सुरक्षा कोषबाट निश्चित रकम लगानी गर्नुपर्ने उल्लेख छ । नीतिले कोषमा जम्मा भएको रकम किसानको घरदैलोमा पुऱ्याइने उल्लेख भएपछि साना किसानमा उत्साहको सञ्चार भएको देखिन्छ ।

## 'नागरिकता विधेयक नागरिकको हितमा छैन'

रुपन्देही, ७साउन (रासस)/ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले नागरिकता विधेयक नागरिकको हितमा नरहेको टिप्पणी गरेको छ । प्रेस चौतारी नेपाल रुपन्देहीले शनिबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा उनले नेपाली नागरिकले विना कुनै बहानामा नागरिकता पाउनुपर्नेमा सन्देह नभए पनि अहिले सरकारले ल्याएको विधेयक त्रुटिपूर्ण रहेको आरोप लगाए ।

"राज्य व्यवस्था समितिमा जुटेको सहमति विपरीत सरकारले विधेयक ल्याएको छ, यो देशको हितमा छैन", उनले भने । एमालले नेपाली नागरिक पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि मात्र अङ्गीकृत नागरिकता दिने व्यवस्था गर्नुपर्ने प्रस्ताव गरेको जानकारी गराउँदै नेता ज्ञवालीले प्रचलित ऐनअनुसार वैवाहिक अङ्गीकृत नागरिकता विवाह गरेर आउने बित्तिकै प्राप्तिका लागि प्रक्रिया अगाडि बढाउन सकिने भएकाले उचित नभएको बताए ।

वैवाहिक अङ्गीकृत नागरिकताको सवालमा केही मापदण्ड राख्ने तर उनीहरूलाई कुनै प्रकारको व्यवसाय, नोकरी गर्न नरोक्ने गरी व्यवस्था गर्न सकिने उनको भनाइ छ ।

# शेयर धितो कर्जामा खुकलो, घर जग्गामा कडाइ

काठमाडौँ, ७ साउन (रासस)/ घरजग्गाको कारोबारलाई अनुत्पादक क्षेत्रका रूपमा चित्रण गर्दै नेपाल राष्ट्र बैंकले त्यसमा प्रवाह हुने कर्जाको सीमा घटाएको छ । तर, चौतर्फी दबाबका आधारमा शेयर धितो कर्जाको प्रावधानमा भने केही खुकुलो नीति लिएको छ । आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा न्यूनतम चार करोड र अधिकतम १२ करोडसम्म कर्जा लिन पाउने प्रावधान राखिएको थियो । त्यसलाई धेरैले ४/१२ को नीतिका रूपमा चित्रण गर्दै आएका थिए ।

चालु आवको मौद्रिक नीतिमा शेयर धितो कर्जामा केही खुकुलो प्रावधान राखिएको छ । अब एक व्यक्तिले एउटा बैंकबाट १२ करोड बराबरको ऋण लिएर शेयर खरिद गर्न सक्नेछन् । अघिल्लो व्यवस्थाले शेयर बजार ओरालो लागेको र लगानीकर्ताले ठूलो मात्रामा लगानी र नाफा गुमाएको भन्दै आलोचना भएको थियो ।

एकातिर घरजग्गा धितोमा प्राप्त हुने कर्जाको सीमा घटाएको केन्द्रीय बैंकले शेयर धितो कर्जामा भने खुकुलो व्यवस्था गरिदिएको छ । तर केन्द्रीय बैंकले धितोपत्र दलाल व्यवसायीमार्फत प्राप्त हुने मार्जिन कर्जा व्यवस्थित हुँदै गएपछि यसलाई क्रमशः घटाउँदै जाने लक्ष्य राखेको छ ।

मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले काठमाडौँ उपत्यकाभित्र घरजग्गाको धितो राखेर कूल मूल्याङ्कनको ३० प्रतिशत बराबर मात्रै कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । काठमाडौँ उपत्यकाबाहिर भने त्यस्तो कर्जा ४० प्रतिशत बराबर पाइनेछ । बैंक तथा वित्तीय संस्थाले घर/जग्गा धितो राखी निश्चित प्रयोजन नखुलेका नयाँ अधिविकर्ष कर्जा, धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा प्रवाह गर्दा कर्जा र सोको धितो सुरक्षणको फेयर मार्केट भ्याल्यूबीचको अनुपात घटाएको छ ।

यसअघि काठमाडौँ उपत्यकामा ५० प्रतिशत र उपत्यकाबाहिर ६० प्रतिशत बराबरको कर्जा पाइने व्यवस्था थियो । यसबाट अनुत्पादक भनिएको क्षेत्रमा समेत केन्द्रीय बैंकको दोहोरो जस्तो देखिने भूमिका निर्वाह गरेको टिप्पणी गरिएको छ । उद्योगी व्यवसायीले भने बजारमा ब्याजदर वृद्धि हुने तथा आर्थिक वृद्धिको लक्ष्य पूरा नहुने टिप्पणी गरेका छन् ।

यस्तै, अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोबार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकेका बैंक तथा वित्तीय संस्थालाई सो संस्थाले माग गरेमा बैंक दरमा दुई प्रतिशत विन्दुले पेनाल दर थप गरी अन्तिम ऋण दाता सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

अन्तिम ऋणदाता सुविधासम्बन्धी कार्यविधि जारी गरिने भएको छ । बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपातलाई २०७९ भदौ १ गतेदेखि लागू हुने गरी १ प्रतिशत विन्दुले वृद्धि गरी ४ प्रतिशत पुऱ्याइने भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपातलाई वृद्धि गरी २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरूले १२ प्रतिशत, विकास बैंक र वित्त कम्पनीहरूले १० प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था गरिनेछ ।

पुनरकर्जामा गयो खर्ब बढी

केन्द्रीय बैंकले आर्थिक वर्ष २०७८/७९ मा कूल एक खर्ब ११ अर्ब ९६ करोड बराबर पुनरकर्जामा लगानी भएको छ । यस्तै, एक खर्ब १५ अर्ब ६८ करोड पुनरकर्जा स्वीकृत भएको जनाएको छ ।

नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ संशोधन गरी यस बैंकबाट सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा प्रदान गर्दा कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसाय र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिएको थियो ।

सो आवमा कूल २४ हजार ३०५ ऋणीले त्यस्तो कर्जा पाएका थिए । सरकारको ब्याज अनुदानमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत गत जेठसम्म एक लाख ४७ हजार १४७ ऋणीलाई दुई खर्ब १५ अर्ब ९१ करोड कर्जा लगानी गरेको छ ।

यसमध्ये कृषि तथा पशुपक्षी व्यवसाय शीर्षकमा ६० हजार ६१८ ऋणीलाई एक खर्ब ३९ अर्ब ८४ करोड र महिला उद्यमशील कर्जाअन्तर्गत ८३ हजार ६६९ महिला उद्यमीलाई ७२ अर्ब ३८ करोड कर्जा लगानी भएको छ । सहुलियतपूर्ण कर्जाका अन्य आठ शीर्षकअन्तर्गत कूल दुई हजार ८६० ऋणीलाई तीन अर्ब ६९ करोड कर्जा लगानीमा रहेको छ ।

# निकुञ्जका कारण परेको समस्या समाधान हुन्छः मन्त्री यादव




चितवन, ७साउन (रासस)/ वन तथा बातावरणमन्त्री प्रदीप यादवले निकुञ्जका कारण माडीवासीलाई परेका समस्या समाधान गर्न मन्त्रालयले पहल गर्ने बताएको छ । चितवन राष्ट्रिय निकुञ्ज हुँदै गएको हुलाकी सडक, भूमिगत विद्युतीकरण, रोकिएका पुलहरूलगायत संरचना शनिबार निरीक्षणपश्चात् मन्त्री यादवले रोकिएका काम अगाडि बढाइने बताएको हो ।

निरीक्षणका क्रममा सँगै रहेकी भरतपुर महानगरप्रमुख रेनु दाहालका अनुसार मन्त्री यादवले तत्काल काम अघि बढाउनका लागि आवश्यक प्रक्रिया थाल्न निर्देशन दिएको थियो । निरीक्षणमा वन मन्त्रालयका सचिव डा. पेमनारायण कँडेल र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेललगायतको उपस्थिति थियो । माडीमा हाल विद्युत् लाइन लगेको क्षेत्रमा थप काम गर्न कुनै समस्या नहुने र नयाँ ठाउँ प्रयोग गर्नुपरेमा आबश्यक प्रक्रिया अघि बढाउन र सबै समस्या एकमुष्ट रूपमा तत्काल प्रस्तुत गर्न मन्त्री यादवले निर्देशन दिए ।

माडी चितवन क्षेत्र नं ३ मा पर्दछ । जिल्लाका दलीय प्रतिनिधि, स्थानीय निकायका प्रमुखहरूसहित नेकपा (माओवादी) केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वको एक टोलीले केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरी त्यहाँको समस्याबारे अवगत गराएको थियो । सो क्रममा प्रधानमन्त्री देउवाले यस विषयमा तत्काल सम्बोधन गरिने आश्वासन दिएको थियो । महानगर प्रमुख दाहालले भने, "मन्त्रीज्यू निकै सकारात्मक हुनुहुन्छ । हामीलाई विश्वास छ निकुञ्जका कारण माडीमा भएको समस्या अब समाधान हुन्छ ।" माडी हुँदै जाने हुलाकी सडक स्तरोन्नति, पुल निर्माण, खर्कट्टा बगई सडक निर्माण र भूमिगत विद्युतीकरणको काम निकुञ्जकै कारण समस्यामा परेका थिए ।

प्रधानमन्त्रीसँगको भेटमा गरिएको अर्को भरतपुर विमानस्थल विस्तारको प्रस्तावमा गत साता संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको उपस्थितिमा भरतपुरमा छलफल गरिएको थियो । यसैगरी गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका विषयमा समेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएकामा सो विषयमा पनि छलफल सकारात्मकरुपले अघि बढेको महानगरप्रमुख दाहालले जानकारी दिए ।

# पुष्पलालको प्रेरणाले सबल भएको एमालेः अध्यक्ष ओली



काठमाडौँ, ७ साउन (रासस)/ नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेकपाका संस्थापक महासचिव पुष्पलालले दिएको योगदानको प्रेरणा लिएर शनिबार यस ठाउँमा आइपुगेको बताएको छ । ४४ औँ पुष्पलाल स्मृति दिवसका अवसरमा शनिबार आयोजना भएको कार्यक्रममा अध्यक्ष ओलीले पुष्पलालले देखाएको सत्कर्मकै कारण एमाले शनिबार यस स्थानमा आइपुगेको बताए ।

पुष्पलालले पुऱ्याउनु भएको योगदानकै कारण शनिबार सचेत संगठित, विस्तृत परिवर्तनकारी सबैभन्दा सबल शक्तिका रूपमा एमाले रहेको दाबी अध्यक्ष ओलीले गरे । कार्यक्रममा पुष्पलाल र अरू शहीदहरूले देखाएको बाटोबाट अलि कति पनि विचलित नभईकन 'समृद्ध नेपाल, सुखी नेपाली' र स्वतन्त्र नेपाल बनाएर छोड्ने संकल्प उनले पुनः दोहोऱ्याए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले भने, "अग्रजलाई सम्मान गरिहँदा फराकिलो मनको साथ अगाडि बढ्नुपर्छ ।" उनले कार्यकर्तालाई पुष्पलालका काम, विचार, योगदनको प्रेरणा लिएर अघि बढ्नु आग्रह गरे ।

पुष्पलालको जीवनको चर्चा गर्दै अध्यक्ष ओलीले नेपालको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा उनले पुऱ्याएको योगदानको स्मरण गरेको थियो । सोही अवसरमा अन्य विभिन्न पार्टीबाट करिब २० जना एमालेमा प्रवेश गरेको थियो ।

# गुड्ने मिनी अस्पताल !

काठमाडौँ, ७ साउन (रासस)/ नेपालमा सामान्य खालको स्टेचर र केही उपकरण भएका र मध्यम खालका बिरामीलाई ओसारपसार गर्न सक्ने एम्बुलेन्स चल्छन् ।

त्यही पनि भौगोलिक अवस्था, सडक जाम सुविधा अभावले बिरामीको बीच बाटोमै मृत्यु हुने अवस्थाको सामना गरिरहनुपरेको छ ।

तर अस्पतालमा मात्र प्राप्त हुने महतवपूर्ण सेवा भेन्टिलेटर, बिरामी निगरानी मेसिन, सिरिन्ज पम्प, इन्फ्युजन पम्प, अक्सिजन कन्सेन्ट्रेटर, इसिजी मेसिन, अल्ट्रासाउन्ड मेसिनलगायतका उपकरण कुनै एउटा गाडीमा हुन्छ । त्यसभित्र एउटा होइन छ/छवटा सुविधायुक्त शय्या र साथमा सिसीक्यामेरा ।

मिनी अस्पतालका रूपमा रहेका ती सुविधासहितका त्यस्ता गाडी विकसित मुलुकमा प्रयोगमा भइरहेका छन्, तर हाम्रोजस्तो विकासोन्मुख मुलुकमा त्यस्तो सेवा प्राप्त सवारीसाधन सञ्चालन होला ? हामी धेरैलाई विश्वास लाग्न गाह्रै हुन्छ ।

अब भने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले त्यस्ता सवारीसाधनलाई नेपालमा भित्र्याएर अविश्वासलाई विश्वासमा बदलिदिएको छ ।

एउटा जटिल बिरामीलाई अस्पतालले उपचार गर्ने संविधानसहितको सेवा प्राप्त हुने सवारीसाधन नेपालमा पहिलोपटक भित्रिएको हो ।

अबका विपत्तिमा ती गाडीले नेपालमा पनि सेवा थाल्नेछ र अकालमा हुने मृत्युलाई घटाउन सहयोग गर्नेछ ।

चिकित्सक नआइपुग्दा पनि टेलिमेडिसिनको रूपमा चिकित्सकलाई जोडेर उक्त गाडीभित्रै बिरामीको उपचार र निगरानी गर्नसमेत सकिने प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए ।

उनले उक्त गाडीलाई मिनी अस्पताल वा गुड्ने अस्पतालका रुपमा लिइएको र विपद्मा परेका मानिसको ज्यान बचाउन सहयोगी हुने विश्वास रहेको बताए ।

उनले यस्तो प्रकारको गाडी नेपालमा पहिलोपटक भित्रिएको दाबी पनि गरे । यस्ता सुविधायुक्त आठ ठूला गाडी र आठवटा 'ए क्लास'का एम्बुलेन्स सञ्चालन र व्यवस्थापनका लागि सशस्त्र प्रहरीले जिम्मेवारी प्राप्त गरेको छ ।

सरकारले उक्त गाडी मल्टी डोनर ट्रष्ट फण्ड र विश्व बैंकको व्यवस्थापन सहयोगमा प्राप्त गरेको हो ।

मुख्यतः उक्त फण्डमा अमेरिकी सहयोग नियोग (युएसएड), बेलायती सहयोग नियोग (एमसिडिओ), क्यानेडियन एड र स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कर्पोरेशनको पैसा परेको छ ।

# नारायणगढ-मुग्लिन सडक अवरुद्ध



मुग्लिन, ७ साउन (रासस)/ पहिराका कारण नारायणगढ-मुग्लिन सडक अवरुद्ध बनेको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार चितवनको इच्छाकामना गाउँपालिका-५ खहरेखोलामा शनिबार बिहान ८:१० बजेको समयमा माथिबाट पहिरो खस्दा सडक दुइतर्फी अवरुद्ध बनेको हो । अहिले पहिरो पन्छाउने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक रविन विष्टले जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ब्याज र प्रतिफल योगदानकर्ताको खातामा

काठमाडौँ, ७ साउन (रासस)/ सामाजिक सुरक्षा कोषले आर्थिक वर्ष २०७७/७८ को योगदान रकमबाट प्राप्त ब्याजका साथै एक प्रतिशत प्रतिफल रकम योगदानकर्ताको खातामा जम्मा गरेको छ ।

कोष सञ्चालक समितिको बैठकले वृद्धावस्था सुरक्षा योजनामा योगदान गर्ने योगदानकर्ताको अघिल्लो आवको योगदान रकमको छ दशमलव७५ प्रतिशत ब्याज र थप एक प्रतिशत प्रतिफल थप गर्ने निर्णय गरेको थियो ।

कोषले कोरोना महामारीको समयमा सरकारका तर्फबाट योगदानकर्ताको खातामा जम्मा गर्नुपर्ने योगदान रकमको बाँकी अंशसमेत जम्मा गरिदिएको छ । योगदानकर्ताको खातमा बाँकी १६ प्रतिशत रकम जम्मा गरिएको कोषका निर्देशक कृष्ण अधिकारीले जानकारी दिए ।

सरकारले कोभिडबाट सताइएका योगदानकर्ता र रोजगार दाताका तर्फबाट कोषमा जम्मा गर्नुपर्ने २०७८ वैशाख र जेठ महिनाको योगदान रकम कोषमा जम्मा गरिदिने निर्णय गरेको थियो । दुई महिनाको योगदान रकमको ८४ प्रतिशत रकम यसअघि नै कोषले योगदानकर्ताको खातामा जम्मा गरि दिएको थियो ।

# दुस्शासनहरूको सभा...

अहिले यो व्यवस्था स्थापनामा र आन्तरिक मामिलामा नेताहरूलाई प्रयोग गर्न बाहिरी मुलुकहरूले देखाएको हस्तक्षेपकारी प्रवृत्तिलाई राजनीतिमा हामफाल्ने सोच बनाएका स्वतन्त्र र सक्रिय व्यक्तिहरूले राजनीतिक मुद्दा बनाउनु जरुरी छ । त्यसले भोलिको विकल्पको मार्ग प्रस्तुत गर्नेछ । एक्लाएक्लैको आक्रोश र कुण्ठाले राष्ट्रिय लक्ष्य हासिल गर्न सक्दैन ।

आगामी निर्वाचनमा नेपाली कांग्रेस-माओवादी र माधव नेपालको सत्ताका लागि गठबन्धनसँगै उपेन्द्र यादव, महन्थ ठाकुरको च्याखे रणनीति, बाबुराम भट्टराईको परिचालित एजेण्डा र परिवारको अस्तित्व संकट, एमालेमा ओली वर्चस्वको एजेन्डा, कमल थापाको मुख्यतया राजेन्द्र लिंगदेनलाई उठ्न नदिने एजेन्डाले राजनीतिक आकाश ढाक्नेछन् ।

राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका लागि यिनीहरू असफल मात्र हैन अभिशाप भइसकेका छन् । मुलुकका लागि यिनीहरूको सान्दर्भिकता समाप्त भएको मात्र होइन, उनीहरू खतराका दूत भएको जनतामा स्थापित गर्नु वैकल्पिक समूह र व्यक्तिहरूको चुनौती हुनेछ ।

श्रीलंकाजस्तो जनताको असंगठित आक्रोश हैन, संगठित नभए पनि सहकार्यमा आधारित विकल्पबाट नेपालको 'प्रजातान्त्रिक मोडेल' पुनः लेखिनु र स्थापित हुनु जरुरी छ । -साभारः देशसञ्चार

# "शिक्षा प्रणालीमा अति राजनीतिकरण भयो"



काठमाडौँ, ७ साउन (रासस)/ शिक्षाविद् र सरोकारवालाले सार्वजनिक शिक्षामा राज्यको लगानीअनुसारको प्रतिफल नआएकाले विद्यमान प्रणालीमा रुपान्तरण गर्न सुझाव दिएका छन् ।

सरकारले पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक छपाइ, परीक्षा प्रणाली, शिक्षक नियुक्तिजस्ता प्रक्रियामा प्रत्यक्ष भूमिका निर्वाह गर्ने र त्यस्ता क्षेत्रमा पनि बजारलाई खुला राख्ने भन्ने विषयमा विज्ञहरूबीच मतान्तर पनि देखिएको छ ।

शिक्षा पत्रकार समाजले शनिबार आयोजना गरेको 'सार्वजनिक शिक्षामा रूपान्तरण : विकल्प के ?' विषयक छलफल कार्यक्रममा शिक्षाविद् डा विद्यानाथ कोइरालाले नेपालमा पूर्ण सामुदायिकरण र पूर्ण निजीकरण प्रणाली सम्भव नहुने भएकाले नेपाली सभ्यता र संस्कृतिअनुसार समुदाय र निजी क्षेत्रको ज्ञान तथा स्रोतको बहुउपयोग गर्नुपर्ने बताए ।

उनले सामुदायिक विद्यालयको रुपान्तरणका लागि शिक्षकहरू जिम्मेवार बन्नुपर्ने र सुशासनलाई सवलीकरण गर्दै संविधानको मौलिक हकको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले राज्यको शिक्षामा लगानीअनुसारको प्रतिफल प्राप्त हुन नसकेको स्वीकार गर्दै सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म संविधानतः निःशुल्क शिक्षाको कार्यान्वयनका लागि सरकारले कानुनी प्रबन्ध गर्ने बताए ।

शिक्षाविज्ञ डा. गोपीलाल न्यौपानेले कार्यपत्र प्रस्तुत गर्दै विद्यमान शिक्षा प्रणालीमा अति राजनीतिकरण, कर्मचारीतन्त्रको हस्तक्षेप र शिक्षकहरु दलका कार्यकर्तामात्रै भएकाले शिक्षालाई सरकारको प्रभावबाट मुक्त राखेर शैक्षिक स्वतन्त्रता दिनुपर्ने धारणा राखे । उनले शिक्षाका नीति, निर्देशिका जारी, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक छपाइ, परीक्षा प्रणाली, शुल्क निर्धारण, शिक्षक नियुक्तिजस्ता प्रक्रियामा बजारलाई खुला छाडिदिनुपर्ने प्रस्ताव गरे ।

नेशनल प्याब्सनका पूर्वअध्यक्ष गीता राणा क्षेत्रीले शिक्षामा क्रमिकरूपमा रुपान्तरण हुँदै गएकाले सरकारले प्रतिफल दिन नसकेको क्षेत्रमा नियमनसहित निजीकरण गर्न सकिने बताए ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासैका अध्यक्ष कृष्ण थापाले सामुदायिक विद्यालयलाई माथिल्ला सरकारको हस्तक्षेप हुन नहुने र सुधारका लागि अभिभावकको भूमिका सक्रिय तुल्याउनुपर्ने आग्रह गरे । एकीकृत अखिल नेपाल शिक्षक संगठनका अर्थ महासचिव कुलप्रसाद खतिवडाले शिक्षकहरूलाई दलका कार्यकर्ता भनेर होच्याउने प्रवृत्ति भएको उल्लेख गर्दै सरकारले सामुदायिक विद्यालय गरेको लगानी अझै अपर्याप्त भएको टिप्पणी गरे ।


समाजका अध्यक्ष प्रकाश सिलवालले सरकारले सुधारका कार्यक्रम ल्याए पनि र नियमित शैक्षिक बहस भए पनि सर्वसुलभ र गुणस्तरीय शिक्षाको अभिभावकको चाहना पूर्ति हुन नसक्नुको कारण खोजिनुपर्नेमा जोड दिए ।

# बागमती प्रदेशले निर्माण गरिरहेका शीतभण्डार भदौबाट सञ्चालनमा आउने

साझाकुरा संवाददाता

हेटौँडा, ७ साउन (रासस)/ कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशले निर्माण गरिरहेका १० वटा शीतभण्डारमध्ये आठवटा भदौको पहिलो सातादेखि सञ्चालनमा आउने भएका छन् ।

उक्त शीतभण्डारमध्ये दुई महिनादेखि एउटा सञ्चालन भइसकेको र आठ वटाको भौतिक निर्माण कार्य सम्पन्न भई मेसिन जडान कार्य भइरहेका कारण अब भदौ पहिलो सातामा नै सञ्चालनमा ल्याइने बताइएको हो ।




कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा सरोज पाण्डेका अनुसार सरकारले ९७ करोड ८३ लाख ६३ हजार लागतमा प्रदेशका १० वटा शीतभण्डार निर्माण सुरु भएको र अब नुवाकोटका दुईबाहेक अन्य सबैमा मेसिन जडान भइरहेको छ । सहकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा मन्त्रालयले शीतभण्डार निर्माणको काम अघि बढाएको उनले जनाए ।

मन्त्रालयले १० वटै शीतभण्डार निर्माणबापत ६५ करोड ४८ लाख ६० हजार निर्माण कम्पनीलाई भुक्तानीसमेत दिइसकेको सचिव पाण्डेको भनाइ रहेको छ । चितवनको खैरहनी-६, धादिङको बेनीघाट रोराङ-७, रसुवाको कालिका-२, सिन्धुलीको सुनकोसी-५, सिन्धुपाल्चोकको लिसङ्खुपाखर-७ र इन्द्रावती, दोलखाको जिरी-५, रामेछापको मन्थली, शीतभण्डारको भौतिक निर्माण करिब अन्तिम क्षणमा पुगेको जनाउँदै सचिव पाण्डेले नुवाकोटको विदुर-५ र बेलकोटगढी-१० मा भने ६५ प्रतिशत मात्र काम भएकाले उक्त शीतभण्डार भने छ महिनाभित्र सञ्चालन गरिने बताए ।

प्रदेश सरकारले अधिकांश शीतभण्डारको निर्माणका लागि दुई वर्षको समय अवधि दिएर ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७८ मा नै हस्तान्तरण हुनुपर्ने थियो । मन्त्रालयले नुवाकोटको विदुर-५ र बेलकोटगढी-१० मा पाँच हजार मेट्रिक टन क्षमताका शीतभण्डार निर्माणका लागि ५० प्रतिशत र साझेदार संस्था तथा निजी कम्पनीको ५० प्रतिशत लगानी गर्ने गरी ठेक्का सम्झौता गरेको थियो ।

विदुरमा कूल १९ करोड ८५ लाख ८१ हजार र बेलकोटगढीमा २० करोड ३९ लाख ६८ हजार लागतमा शीतभण्डार निर्माण ठेक्का सम्झौता भएको थियो, तर कोरोना महामारीका कारण काम रोक्किएर निर्माण सम्पन्न हुन दुई वर्ष ढिला भएको मन्त्रालयका सचिव पाण्डेले प्रष्ट्याए ।

दुई वर्षसम्म कोरोनाका कारण ठेकेदार कम्पनीले काम गर्न नपाएको विवरणमा उल्लेख भएको जनाउँदै उनले अब भने केही दिनमा नै सञ्चालनमा ल्याइने बताए । मन्त्रालयका अनुसार खैरहनी-६ मा साना किसान कृषि सहकारी संस्थासँगको साझेदारीमा २०७५ साल चैत १३ मा शीतभण्डार निर्माण सम्झौता गरेर काम सुरु गरेकामा हालसम्म करिब ९५ प्रतिशत सम्पन्न भएको छ । एक हजार ५०० मेट्रिक टन क्षमताको यस शीतभण्डार निर्माणका लागि १२ करोड ९४ लाख लागतमा ठेक्का सम्झौता गरेको थियो । हालसम्म ११ करोड ५२ लाख भुक्तानी भइसकेको छ ।

बेनीघाट रोराङमा एक हजार ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माणका लागि कृषक सुधार फलफूल तथा तरकारी सहकारी संस्थासँग साझेदारी भएको छ । मन्त्रालयले १२ करोड ८३ लाख ७० हजार लागतमा सम्झौता गरेकामा हालसम्म १० करोड ९८ लाख ६४ हजार भुक्तानी दिएको छ । हालसम्म ९५ प्रतिशत काम सकिएको दाबी गरिएको छ ।

सिन्धुपाल्चोककै इन्द्रावतीमा पोखरे साना किसान कृषि सहकारी संस्था लिमिटेडसँगको साझेदारीमा ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गर्न पाँच करोड ३५ लाख ४९ हजार लागतमा ठेक्का सम्झौता भएको हो ।

उक्त शीतभण्डारको ९४ प्रतिशत काम सकिएको मन्त्रालयले जनाएको छ । रामेछापको मन्थलीमा ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माणका लागि कूल पाँच करोड ३० लाख ९५ हजारमा ठेक्का सम्झौता भएको थियो ।

त्यसैगरी सिन्धुलीको सुनकोसी-५ मा मुकुटेश्वर बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडसँगको साझेदारीमा ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण कार्य ९६ प्रतिशत सम्पन्न भएको छ । सिन्धुपाल्चोकको लिसंखुपाखर-७ मा गोल्मुथान कृषि सहकारीसँगको साझेदारीमा शीतभण्डार निर्माणको ठेक्का सम्झौता भएको थियो ।

पाँच सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माणका लागि कूल पाँच करोड ३५ लाख लागतमा ठेक्का सम्झौता भएर निर्माण कार्य सुरु भएको थियो । हालसम्म ९५ प्रतिशत काम सकिएको मन्त्रालयले जनाएको छ ।

दोलखाको जिरी नगर पालिका र जिरी कृषि सहकारी संस्थासँगको साझेदारीमा पाँच करोड ३७ लाख लागतमा ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण सुरु भए पनि हालसम्म ९४ प्रतिशत काम सकिएको बताइएको छ ।

रसुवाको कालिका गाउँपालिकामा साना किसान कृषि सहकारी संस्था लिमिटेडसँगको साझेदारीमा ३०० मेट्रिक टन क्षमताको शीतभण्डारमा अन्तिम कार्य भइरहेको बताइएको छ ।

केही शीतभण्डारमा मेसिनसमेत जडान भएर बत्तीको मिटरमात्र जडान बाँकी भएको मन्त्रालयले जनाएको छ । तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले निर्माण सुरु गरेका १० वटै शीतभण्डारमध्ये अब नुवकोटका दुई वटाको मात्र करिब ३५ प्रतिशत काम बाँकी रहेको मन्त्रालयले जनाएको छ । कोरोना महामारीका बाबजुत पनि काम सकेर सञ्चालनमा ल्याउने तयारीमा रहेका शीतभण्डार मन्त्रालयको सफलता भएको जनाइएको छ ।

# वडा कार्यालय परिसरको सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ वडास्तरिय युवा क्लब सञ्जालले हेटौंडा उपमहानगरपालिकाको ३ नम्बर वडा कार्यालय परिसर सरसफाई गरेको छ । क्लबमा आवद्ध युवाहरुले ३ नम्बर वडा कार्यालय परिसरमा रहेको फोहोर र झाडीहरु सफा गरेका छन् । वडा कार्यालयलाई सफा र सुन्दर बनाउन सरसफाई गरिएको वडा स्तरीय युवा क्लब, ३ नम्बर वडाको अध्यक्ष सहनशिला ढकालले जानकारी दिइन् ।

सरसफाई कार्यक्रममा युवा क्लबका कोषाध्यक्ष पुरुसोतम राई, सदस्यहरु समिक्षा नेपाल, सन्देश राई, प्रबिना अधिकारी, अन्जली पोखेल, सुजल पोखेल, मनिस बुढाथोकी, विशाल बल, सृजन लटौला, एन्जल गौतम, विज्ञान पुडासैनी, कैलास चौलागाई, बिकल बर्तौलालगायतको सहभागिता थियो ।

# थप ३३५ जनामा संक्रमण पृष्टि

काठमाडौँ, ७ साउन (रासस)/ पछिल्ला दिन कोभिड- १९ बाट संक्रमित हुनेको संख्या बढ्न थालेको छ । शनिबार दुई हजार ९९६ नमूनाको परीक्षण गर्दा ३३५ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यसैगरी शनिबार ८६ संक्रमणमुक्त भएका छन् । सक्रिय संक्रमितको संख्या दुई हजार ९७१ छ । काठमाडौँमा ५०० बढी सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । यस्तै मोरङ र ललितपुरमा २०० बढी सक्रिय संक्रमित छन् ।

संक्रमितमध्ये दुई हजार ८३२ जना 'होमआइसोलेशन', १३९ 'संस्थागत आइसोलेशन' र २५ जना 'आइसीयूमा' उपचाररत छन् । मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, हुम्ला, बाजुरा, डडेल्धुरामा सक्रिय संक्रमितको संख्या शून्य छ ।

# ठेक्केदार पोस्न सम्झौता विपरित ३ करोड ८५ लाख भुक्तानी

साझाकुरा संवाददाता




हेटौंडा, ७ साउन/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले शित भण्डार निर्माणका क्रममा सम्झौता विपरित ३ करोड ८५ लाख रुपैयाँ भुक्तानी दिएको पाइएको छ ।

महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनले तत्कालीन सचिव डा. योगेन्द्र कार्कीको पाला आर्थिक वर्ष २०७७-०७८ मा निर्माण कम्पनीलाई सम्झौता विपरित ३ करोड ८५ लाख ११ हजार रुपैयाँ थप रकम भुक्तानी दिइएको उल्लेख गरेको छ । मन्त्रालयले ७० प्रतिशत र फलफूल तथा तरकारी सहकारी संस्था लिमिटेड, बेतनघाट रोराङको ३० प्रतिशत लागत साझेदारीमा एक हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण गर्ने सम्झौता गरेको थियो । उक्त शीत भण्डार निर्माण गर्न १२ करोड ८३ लाख ७० हजारमा सम्झौता भएको हो ।

कुल ठेक्का रकमको ३० प्रतिशत हुने रकम ठेकेदारलाई पोस्नेगरी भुक्तानी दिइएको पाइएको छ । यस विषयमा महालेखाले थप रकम दिन नहुने प्रतिवेदनमा उल्लेख गरेको छ । शितभण्डार निर्माणमा ७० प्रतिशत मन्त्रालयले बेहोर्ने र ३० प्रतिशत सहकारी संस्थाले बेहोर्ने सम्झौता भएको थियो । प्रदेशभर निर्माण भइरहेका शितभण्डारको सम्झौता एकै प्रकृतिको थियो । तर, तत्कालीन डा. कार्कीको मिलेमतोमा सरकारलाई थप आर्थिक व्यवभार पर्नेगरी ३ करोड ८५ लाख ११ हजार रुपैयाँ भुक्तानी दिएको भन्दै महालेखाले प्रश्न गरेको छ ।

उक्त रकम प्रदेश सरकारले व्यहोर्ने गरी मन्त्रिपरिषद्बाट २०७८ असार १ मा स्वीकृत भएको छ । महालेखाले स्वीकृत निर्देशिका र सम्झौता विपरित पटके निर्णय गरी शतप्रतिशत अनुदान दिएको देखिएको भन्दै प्रश्न गरेको हो । महालेखाले लागत साझेदारीको अंश असुल गर्नुपर्ने वा त्यसको स्वामित्व प्रदेश सरकारको हुनुपर्ने सुझाव दिएको छ । प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को नियम १६ अनुसूचि १ मा थप आर्थिक दायित्व बहन गर्ने व्यवस्था नहुँदा पनि त्यति थप रकम निकासा गरिएको हो ।

यसैगरी, कृषि मन्त्रालयले आर्थिक वर्ष २०७७-०७८ मा एक फुड प्रोड्क्सन एण्ड रिसर्च सेन्टरलाई शीतभण्डार निर्माणको डिजाइन गरेवापत २९ लाख ६२ हजार भुक्तानी गरिएको छ । उक्त निर्माण स्थल हाईटेन्सन लाईन नजिक रहेको जनाई त्यस स्थानमा निर्माण कार्य रोकिएको महालेखाले भनेको छ । शीतभण्डार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार पारेवापतको रकम व्यर्थ हुन पुगेको छ ।


## हार्दिक बधाई तथा शुभकामना



**आनन्दराम पराजुली**

हेटौडा क्याम्पसको अध्यक्ष जस्तो गरीमामय पदमा निर्बिरोध निर्वाचित हुनु भएकोमा नेपाली कांग्रेस जिल्ला सदस्य तथा हेटौंडा नगर समितिका पूर्वसभापति आदरणिय दाजु **आनन्दराम पराजुली** ज्युलगायत सम्पूर्ण कार्यसमितिलाई हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना व्यक्त गर्दछु ।

**सविन न्यौपाने**
हेटौंडा १ नं. वडा अध्यक्ष
नेपाली कांग्रेस नगर कार्यसमिति सचिब
हेटौंडा उपमहानगरपालिका प्रवक्ता


# तेक्वान्दोलाई ६४ वटा म्याद सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ हेटौंडा उपमहानगरपालिकाले नगरको खेलकुद विकासका लागि चासो दिन सुरु गरेको छ ।

निर्वाचनकै क्रममा खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने वाचा गरेकी मेयर मिनाकुमारी लामाले खेलकुद क्षेत्रको विकासमा कदम अगाडि बढाउन थालेकी छन् ।

मक्वानपुर जिल्ला तेक्वान्दो कार्यसमितिलाई शनिवार एक कार्यक्रमबीच हेटौंडा उपमहानगर पालिका कार्यालयले १ लाख ५० हजार रुपैयाँ बराबरको ६४ वटा म्याट सहयोग गरेको छ । मेयर लामाले तेक्वान्दो समिति अध्यक्ष लालकाजीरत्न बज्राचार्यलाई म्याट हस्तान्तरण गरेकी छन् । सहयोग हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै मेयर लामाले नगरको खेलकुद विकासमा सम्भव भएसम्म काम गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाइन् ।

सहयोग हस्तान्तरण कार्यक्रममा जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी, नगर खेलकुद विकास समिति अध्यक्ष चन्द्र शाही, मकवानपुर तेक्वान्दो संस्थापक दिलिप राजथला, राखेपका तेक्वान्दो प्रशिक्षक माधब कोइरालालगायतको उपस्थिति थियो ।

# पुष्पलाल श्रेष्ठको स्मृति दिवस मनाइयो

साझाकुरा संवाददाता



हेटौंडा, ७ साउन/नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४४ औं स्मृति दिवस हेटौंडामा मनाइएको छ ।

हेटौंडा-४, स्थित पुष्पलाल पार्कमा रहेको पुष्पलालको प्रतिमामा माल्यापर्ण गरी नेकपा एमाले मकवानपुरले स्मृति दिवस मनाएको हो ।

एमाले स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश इन्चार्ज काशीनाथ अधिकारीको प्रमुख आतिथ्यता तथा नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर राना, एमाले केन्द्रीय सल्लाहाकार तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेश कमिटीका उपसचिव महेश बर्तौला, बागमती प्रदेश कमिटी सदस्य देवराज रिमाल, इन्द्रमान स्याडतान, एमाले मकवानपुरका उपाध्यक्ष लालवहादुर थापा, सचिव नवीन सिग्देल, सचिवालय सदस्य जुना दहाल, सुनिल लोप्चन, फुर्वा दोर्जे लामा, जिल्ला सदस्य आरती पाठकलगायतको आतिथ्यता थियो ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


# पुरुष मृत फेला



तनहुँ, ७ साउन (रासस)/ जिल्लाको व्यास नगरपालिका-३ परासर टोलस्थित अनसन चौतारीमा एक पुरुष मृतावस्थामा फेला परेका छन् । अन्दाजी ६०/६५ वर्षका जोगी भेषका व्यक्ति मृत फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


शव परीक्षणका लागि दमौली अस्पतालमा राखी पहिचानका लागि अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले बताए ।


**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना